दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २६९ | बुटवल | २०८३ असोज २९ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday October 15, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


### मुख्यमन्त्री सम्मेलन :

# अधिकार, बजेट र संरचना प्रदेशलाई दिन संयुक्त माग



**लुम्बिनी संवाददाता**

*बुटवल*

'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन'ले संविधानप्रदत्त अधिकारको पूर्ण कार्यान्वयन, वित्तीय संघीयताको सुदृढीकरण तथा अन्तरप्रादेशिक सहकार्यलाई संस्थागत गर्ने साझा संकल्पसहित 'कोशी घोषणा' जारी गरेको छ।

सम्मेलनको समापन गर्दै सबै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानको मर्मअनुसार अधिकार, बजेट र संरचना प्रदेशलाई हस्तान्तरण गर्न संघीय सरकारसँग संयुक्त माग गर्दै घोषणापत्रमा हस्ताक्षर गरेका छन्। सम्मेलनले प्रदेशहरूबिच नियमित समन्वय र सहकार्यका लागि सातै प्रदेशका मुख्यमन्त्रीहरू सदस्य रहने गरी 'अन्तरप्रदेश मुख्यमन्त्री साझेदारी मञ्च' गठन गर्ने निर्णय गरेको छ। उक्त मञ्चको अध्यक्षता सम्मेलन आयोजना गर्ने प्रदेशका मुख्यमन्त्रीले गर्ने व्यवस्था गरिएको छ।

**संघीय सरकारसँग कानुनी र प्रशासनिक सुधारको माग**

घोषणापत्रमा संविधानको अनुसूचीमा उल्लिखित एकल तथा साझा अधिकार कार्यान्वयनका लागि विद्यमान 'कार्यविस्तृतीकरण' को तत्काल परिमार्जन गर्न संघीय सरकारसँग माग गरिएको छ।

साथै संसद्मा विचाराधीन संघीय निजामती सेवा विधेयक प्रदेशको अधिकार सम्बोधन हुने गरी यथाशीघ्र पारित गर्न, प्रदेश प्रहरी समायोजन गरी भौतिक संरचना र स्रोतसाधन हस्तान्तरण गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक दोहोरोपन हटाउन आग्रह गरिएको छ।

प्रदेशको अधिकार क्षेत्रभित्र रहेका विषयसँग बाझिने संघीय संरचना, डिभिजन कार्यालय, बोर्ड तथा विकास समितिहरू खारेज वा प्रदेशमा हस्तान्तरण गर्नुपर्ने विषय घोषणापत्रमा जोडदार उठाइएको छ। वित्तीय संघीयतातर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम विनियोजित वित्तीय समानीकरण अनुदान आर्थिक वर्षको बीच वा अन्त्यमा कटौती नगर्न र पूर्णरूपमा हस्तान्तरण गर्न मुख्यमन्त्रीहरूले माग गरेका छन्। सशर्त अनुदान घटाएर समानीकरण अनुदान बढाउनुपर्ने, साना तथा टुक्रे आयोजना संघले सिधै प्रदेशमा पठाउन नहुने घोषणापत्रमा उल्लेख छ।

यसैगरी जलविद्युत्, वन, खानी, नदीजन्य पदार्थको रोयल्टी बाँडफाँट न्यायोचित बनाउनुपर्ने, कृषि आयकर प्रदेशले संकलन गर्न पाउनुपर्ने, ट्राफिक जरिवानाको सम्पूर्ण राजस्व प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने तथा सवारी दर्ता र चालक अनुमतिपत्रको राजस्व सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको प्रदेशले पाउनुपर्ने व्यवस्था गर्न माग गरिएको छ। प्रदेशहरूबिच आर्थिक तथा पर्यटकीय सम्बन्ध विस्तार गर्न विराटनगर-पोखरा, सुर्खेत-भैरहवा, पोखरा-सुर्खेत, जनकपुर- पोखरा र भैरहवा- धनगढीजस्ता अन्तरप्रादेशिक सीधा हवाई उडान सुरु गर्न सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्ने सहमति भएको छ।

कृषि, पर्यटन सर्किट, नदी बेसिन, विपद् जोखिम व्यवस्थापन र डिजिटल पूर्वाधारमा संयुक्त लगानी र साझेदारी अघि बढाउने निर्णय पनि भएको छ। विपद् व्यवस्थापनका लागि उच्च पहाडी तथा हिमाली क्षेत्रका हिमतालहरूको अवस्था अध्ययन, पूर्वसूचना प्रणाली विकास र विपद्का बेला तत्काल अन्तरप्रदेश स्रोत तथा जनशक्ति परिचालन संयन्त्र बनाउने घोषणा गरिएको छ।

साथै, प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने ६ अर्ब रुपैयाँभन्दा माथिका लगानी परियोजनाको स्वीकृति प्रदेशबाटै हुने कानुनी व्यवस्था मिलाउन अनुरोध गरिएको छ।

घोषणापत्रमा प्रदेश सरकारअन्तर्गतका कार्यालय र संरचनाहरूको नियमित पुनरावलोकन गरी चुस्त, मितव्ययी र नतिजामुखी बनाउने, बजेट विनियोजनमा राजनीतिक पहुँच र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर वित्तीय अनुशासन कायम गर्ने तथा भ्रष्टाचारप्रति 'शून्य सहनशीलता' अपनाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ। साथै, स्थानीय तहलाई प्रतिस्पर्धी नभई विकास साझेदारका रूपमा लिएर सहकार्य गर्ने प्रतिबद्धता जनाइएको छ।

घोषणापत्रमा कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्की, मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमतीका मुख्यमन्त्री किरण थापा मगर, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णालीका मुख्यमन्त्री मंगलबहादुर शाही र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले हस्ताक्षर गरेका छन्।

# प्रस्तावित राजदूत सुनारको नाम अस्वीकृत



बुटवल । साउदी अरबका लागि प्रस्तावित राजदूत गिरीबहादुर सुनारको नाम संसदीय सुनुवाइ समितिले अनुमोदन गर्न अस्वीकार गरेको छ।

बुधबार बसेको समिति बैठकले नैतिक आचरणलगायत जर्मनीबाट डिपोर्ट गरिएको लगायतका विभिन्न विवरण प्रश्न उठेपछि परियारकोको नाम अस्वीकृत गरेको हो । सुनुवाइपछि सभापति बोधनारायण श्रेष्ठले गिरीको नाम अस्वीकृत भएको घोषणा गरेका छन्।

सुनारमाथि महिला हिंसा, धम्की तथा पूर्वप्रेम सम्बन्धमा रहेकी महिलालाई दुःख दिएको आरोपसहित दुईवटा उजुरी परेको थिए। सुनारको सुनुवाइका क्रममा सांसदहरूले उनको नैतिक चरित्र र राजदूत पदका लागि उपयुक्ततामाथि प्रश्न उठाएका थिए।

सांसद वर्षमान पुनले उनलाई नाम फिर्ता लिन सुझाव दिएका थिए। एमाले सांसद पद्मा अर्याल, प्रेम दंगाल, पुनम अग्रवाल र दीपक बोहरालगायतले पनि सुनारमाथि उठेका प्रश्नलाई गम्भीर रूपमा लिनुपर्ने धारणा राखेका थिए।

सुनारले भने आफूमाथि लागेको महिला हिंसाको आरोप अस्वीकार गर्दै सम्बन्धित महिलासँग १३ वर्षअघि प्रेम सम्बन्ध रहेको र पछि सम्बन्ध बिग्रिएपछि फोनमा भनाभन भएको बताएका थिए। जर्मनीमा अनुवादकका रूपमा जाँदा ओभरस्टे भएर डिपोर्ट भएको भन्ने आरोप पनि अस्वीकार गरेका उले अस्वीकार गरेका थिए।

कुनै हिंसा नगरेको र राजदूतका लागि सिफारिस भएको नाम फिर्ता नलिने अडान राखेका सुनुवार संसदीय समितिबाट अस्वीकृत भएका छन्। योसँगै गिरिको राजदूत नियुक्तको प्रक्रियमा ब्रेक लागेको छ।





MAHARAJA
THE ROYAL
CASINO
BHAIRAHAWA

WE ARE
HIRING!
*Be a Part of Something Extraordinary!*

WALK-IN INTERVIEW

**Interview Date & Time:**
**31st October 2026 | 09 am - 05 pm**
**Location:**
Siddharthanagar, Bhairahawa

OPEN POSITIONS

| | |
|---|---|
| Casino Gaming | • Dealer (Fresher) - 70* • Shift Manager - 10 • Pit Manager - 10 • Inspector - 20 |
| Food & Beverage | • Waiter/Waitress - 50 • Bartender - 10 • Cook - 20 |
| Operation & Guest Services | • Security (Bouncer) - 15 • Housekeeping - 50 • VIP Services - 20 • Front Desk -20 • Driver - 10 |
| Corporate & Support | • Business Development - 10 • Administration - 1 • Surveillance - 10 • Cash Desk - 50 • Finance - 1 • IT - 1 |

*Requirements For Fresher for Casino Gaming Department
- Minimum Height: 5.2 ft without heels
- Please bring your updated CV along with a **recent photograph** for the walk in interview.

WHY JOIN US?
Attractive Compensation | Career Growth Opportunities | Supportive Work Environment

APPLY NOW!
Send your updated CV to:
hr.bhw@maharajalife.com
**For any Queries, Please Contact us at: +977-9714639600**
Local Talent · Local Opportunity · New Career
*Your Future Starts Here!*

दैनिक लुम्बिनी

## सम्पादकीय

# लोकतान्त्रिक प्रणाली बलियो बनाउने चुनाव

स्थानीय तहको चुनावको मिति घोषणा नभए पनि फागुनको अन्त्यमा गर्ने गरी तयारी भइरहेको छ। औपचारिक घोषणा नभए पनि फागुन चैतमा चुनाव गर्नका लागि निर्वाचन आयोग तयार रहेको आयोगका अधिकारीहरुले जनाएका छन् । आयोग चुनावका लागि तयार भएको सन्देश दिनुको अर्थ सरकारले त्यसै समयमा चुनाव गर्ने गरी तयारी गरिरहेको बुझ्न सकिन्छ। आयोगले मात्रै नभएर राजनैतिक दलहरुले पनि चुनावको तयारी गर्नुपर्छ। पार्टीपंक्तिलाई चुनावी माहौलमा लैजाने र उम्मेदवारी चयनमा उनीहरुको ध्यान जानुपर्छ।

स्थानीय तह नागरिकको घरदैलोको सरकार हो । नागरिकको घरदैलोको सरकार भएकाले स्थानीय तहका जनप्रतिनिधि जनताप्रति प्रत्यक्ष जोडिन्छन् । उनीहरु नागरिकप्रति प्रत्यक्ष संवादमा हुन्छन् । नागरिकसँग प्रत्यक्ष जोडिने भएकाले नागरिकका समस्या बुझ्ने, समस्या समाधान गर्न सक्ने व्यक्तिलाई उम्मेदवार बनाउन दलहरु लाग्नुपर्छ। उम्मेदवारको मापदण्ड बनाउँदा चुनाव जित्न सक्ने मात्र होइन्, नागरिकका समस्या बुझ्न, सुन्न र समाधान गर्न सक्ने बनाउन दलहरुले प्राथमिकता दिनुपर्छ । कांग्रेस,एमाले र नेकपालगायत दलका लागि विगतको अनुभवले धेरै काम गर्न सक्छ। त्यो अनुभव एउटा पक्ष हो, मुलतः स्थानीय कमिटीको निर्णय र सुझावलाई प्राथमिकता दिँदा अपनत्व हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका लागि विगतको स्थानीय चुनावको अनुभव नभए पनि अन्य चुनावको अनुभव भएकाले स्थानीय चुनावमा त्यो अनुभव प्रयोग हुनसक्छ। रास्वपाले साइबर बुलिङ नगरेको, सहकारी अपचलन नगरेको र मिटर ब्याजमा संलग्न नभएको स्वघोषणा गर्नुपर्ने मापदण्ड तयार गरेको छ। यो मापदण्डलाई सकारात्मक मान्नुपर्छ । एमालेले देशभरी कार्यदल बनाएर तयार गरेको प्रतिवेदनमा स्थानीय तहको उम्मेदवार बनाउँदा स्थानीय पार्टी कमिटीको निर्णयलाई प्राथमिकता दिनुपर्ने उल्लेख भए पनि त्यो प्रतिवेदनमाथि कुनै छलफल नभएको र निर्णय नभएकाले एमालेले बनाउने मापदण्ड कस्तो खालको हुन्छ भन्ने प्रष्ट छैन् । कांग्रेसले पालिकामा कम्तिमा १ सय जना प्रमुख वा अध्यक्ष उम्मेदवार बनाउने घोषणा गरेको छ।

मुलुकमा संघीय शासन प्रणाली लागु भएपछि दुई चुनाव भए । स्थानीय तहको अब हुने चुनाव तेस्रो हो । कानुन निर्माणमा अपेक्षित प्रगति नभए पनि संस्थागत विकासमा स्थानीय तहले धेरै उपलब्धि हासिल गरेका छन्। अनुभवी भएका छन्, अब आफनो पालिकाको विकासको मोडल आफैँ तयार गर्न सक्ने सार्मथ्य धेरै पालिकाले राख्छन् । अब नयाँ राजनैतिक दल र नयाँ उम्मेदवार भए पनि स्थानीय तहमा हुने निर्णयमा अपरिपक्कता हुन्छ भन्ने हुन्न, यदि भइहाले सचेत नागरिक खबरदारी गर्छन् । लोकतान्त्रिक प्रणाली संस्थागत भएपछिको यो उपलब्धिलाई महत्वपूर्ण मान्नुपर्छ । लोकतान्त्रिक प्रणाली बलियो बनाउन चुनाव महत्वपूर्ण हुन्छ,तसर्थ चुनाव दलहरुको बर्चश्व स्थापित गर्ने अवसर मात्र नभई लोकतान्त्रिक प्रणाली बलियो बनाउने महत्वपूर्ण अवसर हो । प्रणालीलाई बलियो बनाउन दलहरुले मापदण्ड बनाएर योग्य उम्मेदवार मैदानमा खडा गर्दा दललाई मात्रै राम्रो नभई लोकतान्त्रिक प्रणालीको जग बलियो हुन्छ।

# डा. नर्मन बेथुन : अन्तर्राष्ट्रिय भाइचारा र जनसेवाको उदाहरण



विनबहादुर कुँवर

चिकित्सकले आफ्नो सीपबाट, शिक्षकले शिक्षाबाट र आम नागरिकले आपसी सहयोग तथा अन्यायविरुद्धको सचेत आवाजबाट जनसेवा गर्न सक्छन् । जनताको सेवाका लागि आफ्नो स्वास्थ्य र जीवनको सुरक्षा पनि आवश्यक हुन्छ; बेथुनको बलिदान सम्झँदा आजका स्वास्थ्यकर्मीलाई सुरक्षित साधन उपलब्ध गराउने जिम्मेवारी बिर्सन मिल्दैन।

मानिसको महानता उसको पद, प्रतिष्ठा र धनसम्पत्तिले मात्र निर्धारण गर्दैन । उसले आफ्नो ज्ञान, सीप र जीवन कसको हितमा समर्पित गर्‍यो भन्ने कुराले त्यसको वास्तविक मूल्य निर्धारण गर्दछ । संसारमा आफ्नो व्यक्तिगत सुखसुविधाका लागि बाँच्ने मानिसहरूको कमी छैन । तर आफ्नो देशको सीमाभन्दा हजारौँ माइल टाढाका पीडित जनताको सेवामा जीवन समर्पण गर्ने मानिसहरू थोरै हुन्छन् । यस्तै व्यक्तित्व थिए क्यानाडाका चिकित्सक तथा कम्युनिस्ट अन्तर्राष्ट्रियतावादी डा. नर्मन बेथुन । उनको जीवनले विचार र व्यवहारबिचको सम्बन्धलाई जनसेवाको माध्यमबाट स्पष्ट पारेको छ।

हेनरी नर्मन बेथुनको जन्म सन् १८९० मार्च ४ मा क्यानाडाको ओन्टारियोस्थित ग्रेभनहर्स्टमा भएको थियो। उनका पिता माल्कम निकोलसन बेथुन इसाई धर्मगुरु थिए भने माता एलिजाबेथ एन गुडविन थिइन् । उनका हजुरबुबा पनि चिकित्सक थिए। धार्मिक अनुशासन र चिकित्सा परम्परासँग जोडिएको परिवारमा हुर्केका बेथुनले पछि आफ्नै अध्ययन, अनुभव र सामाजिक परिस्थितिबाट आफ्नो बाटो रोजे। उनले सन् १९२३ मा फ्रान्सिस क्याम्पबेल पेनीसँग विवाह गरे । तर उनीहरूको वैवाहिक सम्बन्धमा उतारचढाव आयो र पुनर्विवाहपछि पनि अन्ततः सम्बन्धविच्छेद भयो। उनको व्यक्तिगत जीवन सरल र निर्विघ्न थिएन।

बेथुन आफैँ क्षयरोगबाट पीडित भएका थिए । उपचारपछि उनी त्यस रोगको उपचार र छातीको शल्यचिकित्सामा सक्रिय भए । तर उनले रोगलाई शरीरको समस्याका रूपमा मात्र हेरेनन् । गरिबीले मानिसलाई रोगी बनाउने र पैसाको अभावले उपचारबाट वञ्चित गराउने अवस्थाप्रति पनि उनी चिन्तित भए। मोन्ट्रियलमा निःशुल्क उपचारको व्यवस्था गर्दै उनी सार्वजनिक स्वास्थ्य सेवाको पक्षमा उभिए र कम्युनिस्ट आन्दोलनमा संलग्न भए । यहाँ प्रश्न उठ्छ–उपचार पाउनु मानिसको अधिकार हो कि पैसा हुनेहरूको मात्र सुविधा ? उनको सामाजिक सक्रियताले यही प्रश्नलाई अगाडि ल्याएको थियो।

सन् १९३६-१९३७ मा स्पेनको गृहयुद्धका बेला उनले गणतन्त्र पक्षका घाइतेहरूका लागि अग्रपङ्क्तिसम्म रगत पुर्‍याउने सेवामा महत्वपूर्ण भूमिका खेले । त्यसपछि सन् १९३८ मा जापानी आक्रमणको प्रतिरोध गरिरहेका चिनियाँहरूलाई सहयोग गर्न चीन पुगे । त्यहाँ उनले कम्युनिस्ट नेतृत्वको आठौँ मार्ग सेनासँग चिकित्सकका रूपमा काम गरे । घाइतेहरूको शल्यक्रिया गर्नुका साथै स्वास्थ्यकर्मीहरूलाई तालिम दिए । उनको अन्तर्राष्ट्रिय भाइचारा भाषणमा सीमित थिएन; त्यो घाइतेको उपचार र जीवनरक्षाको काममा प्रकट भएको थियो।

चीनमा घाइते सैनिकको शल्यक्रिया गर्दा उनको औँला काटियो। त्यसमा संक्रमण फैलिएपछि सन् १९३९ नोभेम्बर १२ मा उनको निधन भयो । यसैले उनको मृत्यु युद्धमा गोली लागेर भएको भन्ने बुझाइ सही होइन । उनको बलिदान उपचारको कामसँग प्रत्यक्ष जोडिएको थियो । अरूको जीवन बचाउन खटिएका चिकित्सकले अन्ततः त्यही सेवाका क्रममा आफ्नो जीवन गुमाए।

इतिहासको क्रम पनि स्पष्ट राख्नुपर्दछ । जापानको पराजय सन् १९४५ मा भयो भने जनवादी गणतन्त्र चीनको स्थापना सन् १९४९ मा भयो। बेथुनले यी घटनाहरू देख्न पाएनन् । कमरेड माओले उनको सम्मानमा लेखेको प्रसिद्ध लेख पनि गणतन्त्र स्थापनापछि नभई सन् १९३९ डिसेम्बर २१ कै हो। “नर्मन बेथुनको सम्झनामा” लेखमा माओले एउटा विदेशीले चिनियाँ जनताको मुक्तिको कामलाई आफ्नै जिम्मेवारी ठानेर गरेको निःस्वार्थ सेवामा अन्तर्राष्ट्रियतावाद र साम्यवादको भावना देखेका थिए। उनले कम्युनिस्टहरूलाई बेथुनबाट सिक्न आह्वान गरे।

माओको मूल्याङ्कनमा बेथुनको विशेषता कामप्रतिको जिम्मेवारी, जनताप्रतिको आत्मीयता र आफ्नो चिकित्सकीय सीपलाई निरन्तर सुधार्ने प्रयत्न थियो । कठिन काम अरूलाई पन्छाउने, सजिलो काम आफूले रोज्ने र सानो योगदानलाई पनि ठूलो बनाएर प्रचार गर्ने प्रवृत्तिको आलोचना गर्दै माओले बेथुनको उदाहरण प्रस्तुत गरेका थिए । यसको शिक्षा स्पष्ट छ–कम्युनिस्ट हुनु नाम र सदस्यताको प्रश्न मात्र होइन । आफ्नो जिम्मेवारी कसरी पूरा गरिन्छ र जनतासँग कस्तो व्यवहार गरिन्छ भन्ने प्रश्न पनि हो।

क्यानाडामा भने उनको योगदानको स्वीकार र सम्मानको प्रक्रिया सहज थिएन । त्यसबेलाको साम्यवाद र समाजवादप्रतिको भययुक्त वातावरणमा उनका स्वास्थ्यसम्बन्धी प्रस्तावहरूलाई अति आमूल परिवर्तनकारी मानिन्थ्यो । तर त्यस आधारमा तत्कालीन सरकारले उनीविरुद्ध गरेको कुनै खास कारबाही प्रमाणबिना जोड्नु पनि उचित हुँदैन । स्पष्ट कुरा के हो भने आजको जस्तो राष्ट्रिय ऐतिहासिक सम्मान उनले जीवित रहँदा पाएका थिएनन् । चीनसँग सन् १९७० मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि क्यानाडामा उनको योगदानप्रतिको कदर बढ्यो र सन् १९७२ मा संघीय सरकारले उनलाई राष्ट्रिय ऐतिहासिक महत्वको व्यक्तिका रूपमा मान्यता दियो।

अहिले क्यानाडाको सरकारी दृष्टिकोणमा उनको चिकित्सा र मानवीय योगदानप्रति स्पष्ट सम्मान पाइन्छ । उनको जन्मघर राष्ट्रिय ऐतिहासिक स्थलका रूपमा संरक्षित छ । सन् २०२६ अगस्टमा त्यस स्मारकको पचासौँ वार्षिकोत्सवमा सरकारी प्रतिनिधि, स्थानीय समुदाय र चिनियाँ प्रतिनिधिहरू सहभागी भए । यसबाट उनको सम्झना सरकारी अभिलेखमा मात्र सीमित छैन भन्ने देखिन्छ । यद्यपि सबै क्यानाडेली नागरिकले उनलाई समान रूपमा चिन्छन् वा एउटै राजनीतिक दृष्टिले हेर्छन् भन्न सकिँदैन । सार्वजनिक सम्मानको प्रमाण र समग्र जनमत एउटै कुरा होइनन्।

नेपालका शासक, राजनीतिक दल र विशेषगरी आफूलाई कम्युनिस्ट भन्नेहरूले बेथुनबाट के सिक्ने ? जनसेवाको भाषण गर्ने तर बिरामी जनताको उपचारलाई प्राथमिकता नदिने हो भने त्यस्तो भाषणको अर्थ के रहन्छ ? समाजवादको नारा लगाउने तर स्वास्थ्य संस्थामा औषधि, उपकरण र स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसक्ने हो भने त्यसको समीक्षा हुनुपर्दछ। बेथुनको सम्झनामा कार्यक्रम गर्नु सजिलो छ । उनको सेवाभावलाई सार्वजनिक नीति, बजेट र दैनिक व्यवहारमा उतार्नु वास्तविक जिम्मेवारी हो।

यो शिक्षा नेपालका लागि मात्र होइन, विश्वका शासक र जनताका लागि पनि हो। अन्तर्राष्ट्रिय सहयोगको उद्देश्य कमजोर देशमाथि प्रभाव जमाउनु नभई त्यहाँका जनताको आवश्यकता पूरा गर्नु हुनुपर्दछ । चिकित्सकले आफ्नो सीपबाट, शिक्षकले शिक्षाबाट र आम नागरिकले आपसी सहयोग तथा अन्यायविरुद्धको सचेत आवाजबाट जनसेवा गर्न सक्छन् । जनताको सेवाका लागि आफ्नो स्वास्थ्य र जीवनको सुरक्षा पनि आवश्यक हुन्छ; बेथुनको बलिदान सम्झँदा आजका स्वास्थ्यकर्मीलाई सुरक्षित साधन उपलब्ध गराउने जिम्मेवारी बिर्सन मिल्दैन।

निश्चय नै बेथुनको सम्मान प्रतिमा र प्रशंसामा मात्र सीमित हुनु हुँदैन । उनको जीवनको मूल शिक्षा निःस्वार्थ सेवा, कामप्रतिको इमानदारी र सीमापारिका जनताप्रतिको ऐक्यबद्धता हो । विचारलाई व्यवहारमा उतार्ने यही प्रतिबद्धता आज पनि आवश्यक छ । जनताको पीडालाई आफ्नो जिम्मेवारी ठान्ने मानवीय चेतना नै उनको जीवनबाट लिनुपर्ने शिक्षा हो।

डा. नर्मन बेथुनको निःस्वार्थ जनसेवाप्रति हार्दिक सम्मान ! अन्तर्राष्ट्रिय भाइचारा र जनताको स्वास्थ्य अधिकार जिन्दावाद !

# मोजाभित्र प्याज राखेर सुत्दा ज्वरो निको हुन्छ ? के भन्छ विज्ञान

सामाजिक सञ्जालमा एउटा भिडियो भाइरल छ। भिडियोमा एक महिलाले हातमा रातो प्याज लिएर आफ्नी छोरीमा देखिएका लक्षणबारे बताउँदै यस्तो उपाय सुझाएकी छन्।

‘यदि रुघाखोकी लागेको छ भने प्याजलाई गोलो काटेर मोजाभित्र राख्नुस् र त्यो मोजा लगाएर रातभर सुत्नुस्।’

काँचो प्याजले रोग निको पार्ने दाबी गरिएको यो कुनै एक्लो भिडियो होइन । सामाजिक सञ्जालमा यस्ता दाबी बारम्बार देखिन्छन्।

कतिपयले बिरामी बालबालिकाका अभिभावकलाई समेत यस्तो उपाय अपनाउन सुझाव दिने गरेका छन् । खुट्टाको तलुवामा काँचो प्याज राख्दा ‘उच्च ज्वरो निको हुने’, ‘कीटाणु तथा ब्याक्टेरिया मर्ने’, ‘शरीरमा जम्मा भएका विषाक्त पदार्थ बाहिर निस्कने’ र ‘रगत सफा हुने’ जस्ता दाबी गरिन्छ।

**तर खुट्टामा प्याज राख्दैमा यस्तो हुन्छ ?**

प्याज एलियम परिवारमा पर्ने पौष्टिक तरकारी हो । यसमा भिटामिन सी, फाइबर र एन्टिअक्सिडेन्ट पाइन्छ । प्याजमा क्वेरसेटिन नामक तत्व पनि हुन्छ, जसमा सूजन कम गर्ने गुणबारे अध्ययन भएका छन्।

प्याजमा पाइने यी पोषक तत्वले मुटु तथा पाचन प्रणालीको स्वास्थ्यमा फाइदा पुर्‍याउन सक्छन्। रक्तचिनी नियन्त्रणमा पनि यसको केही भूमिका हुन सक्छ।

तर प्याज खानुबाट प्राप्त हुने यी पोषणजन्य फाइदा र प्याजले शरीरबाट विषाक्त पदार्थ निकाल्छ वा संक्रमण निको पार्छ भन्ने दाबी बिल्कुल फरक कुरा हुन्।

अमेरिकाकी महामारी तथा संक्रामक रोग विशेषज्ञ डा. केटी सुलेटा पनि प्याज खानुका पोषणजन्य फाइदालाई रोग निको पार्ने दाबीसँग जोड्न नहुने बताउँछिन्।

अमेरिकाको प्याज उद्योगको प्रतिनिधित्व गर्ने नेसनल अनियन एसोसिएसनका अनुसार प्याजसँग जोडिएका यस्ता विश्वास करिब १५०० को दशकदेखि चलिआएका हुन्।

त्यतिबेला मानिसहरू कोठामा ठाउँ-ठाउँमा प्याज राख्दा ब्युबोनिक प्लेगबाट बच्न सकिने विश्वास गर्थे। सुन्निएका लिम्फ ग्रन्थीमा समेत प्याज दल्ने चलन थियो। प्याजले शरीरमा जम्मा भएका विषाक्त पदार्थ तानेर बाहिर निकाल्छ भन्ने उनीहरूको विश्वास थियो।

**प्याजले शरीरबाट विषाक्त पदार्थ किन निकाल्न सक्दैन ?**

प्याज पौष्टिक खाद्य पदार्थ हो, तर यसलाई खाँदैमा कुनै रोग निको हुँदैन । अझ खुट्टाको तलुवामा प्याज राखेर शरीरबाट विषाक्त पदार्थ निकाल्न सकिन्छ भन्ने दाबीको कुनै वैज्ञानिक आधार छैन।

हाम्रो छाला शरीरलाई बाह्य कीटाणुबाट जोगाउने पहिलो तह हो। केही विषाक्त पदार्थ छालाको माध्यमबाट शरीरभित्र प्रवेश गर्न सक्छन् । तर त्यही बाटोबाट शरीरका विषाक्त पदार्थ बाहिर निस्कन्छन् भन्ने हुँदैन। पसिनामार्फत् पनि शरीरका विषाक्त पदार्थ उल्लेख्य रूपमा बाहिर निस्कँदैनन्।

डा. सुलेटाका अनुसार प्याजले छालाको माध्यमबाट शरीरभित्रका विषाक्त पदार्थ बाहिर निकाल्न सक्ने हो भने ‘भौतिकशास्त्रका नियम नै तोड्नुपर्ने हुन्छ।’

उनका अनुसार प्याजमा त्यस्तो कुनै ‘जादुई गुण’ हुँदैन, जसले छालामार्फत् शरीरका विषाक्त पदार्थ बाहिर निकाल्न सकोस् । यो खुट्टाको तलुवाबाट होस् वा शरीरको अन्य कुनै भागको छालाबाट।



कतिपय भिडियोमा रातभर मोजाभित्र राखेपछि प्याजको रङ परिवर्तन भएको देखाइन्छ। त्यसलाई प्याजले शरीरका विषाक्त पदार्थ सोसेको प्रमाणका रूपमा प्रस्तुत गरिन्छ।

तर यसको कारण अर्कै हुन्छ । हावाको सम्पर्कमा आउँदा प्याजमा अक्सिडेसन हुन्छ। त्यस्तै, छालामा रहेका सूक्ष्मजीवसँगको सम्पर्कले पनि प्याजको रङ परिवर्तन हुन सक्छ।

**‘डिटक्स’ को दाबीमा सावधानी**

डाइट तथा शरीरलाई ‘डिटक्स’ गर्ने उत्पादनको प्रचारमा ‘टक्सिन’ शब्द निकै प्रयोग हुन्छ। तर त्यस्ता दाबीमा शरीरमा जम्मा हुने भनिएका विषाक्त पदार्थ के हुन् भन्ने स्पष्ट पारिएको हुँदैन।

चिकित्सकीय भाषामा भने ‘टक्सिन’ को निश्चित अर्थ हुन्छ। यस्ता विषाक्त पदार्थ ब्याक्टेरियाजस्ता जीवित जीवले उत्पादन गर्न सक्छन् । हानिकारक रसायन तथा अत्यधिक मात्रामा सेवन गरिएका केही औषधि पनि शरीरका लागि विषाक्त हुन सक्छन्।

तर शरीरमा प्रवेश गरेका यस्ता पदार्थ हटाउने आफ्नै प्राकृतिक प्रणाली शरीरसँग हुन्छ।

कलेजोले रगतमा रहेका विभिन्न हानिकारक तथा अनावश्यक पदार्थको प्रशोधन गर्छ। मिर्गौलाले शरीरमा आवश्यकभन्दा बढी पानी र फोहोर पदार्थ पिसाबका माध्यमबाट बाहिर निकाल्छ।

कलेजो र मिर्गौलालाई स्वस्थ राख्न कुनै विशेष घरेलु ‘डिटक्स’ उपाय आवश्यक पर्दैन। सन्तुलित खाना खाने, स्वस्थ तौल कायम राख्ने र पर्याप्त पानी पिउनेजस्ता सामान्य स्वास्थ्य व्यवहारले यी अंगलाई स्वस्थ राख्न सहयोग गर्छ।

बेलायतको नेसनल हेल्थ सर्भिस (एनएचएस) ले पनि घरमै शरीरलाई ‘डिटक्स’ गर्ने प्रयास नगर्न सुझाव दिन्छ।

कुनै हानिकारक पदार्थ निलेको, सासमार्फत् शरीरभित्र पुगेको वा औषधिको अत्यधिक मात्रा सेवन गरेको शंका भए घरेलु उपाय अपनाउनुको सट्टा तत्काल चिकित्सकीय सल्लाह लिनुपर्छ।

**रुघाखोकीमा प्याजले कति सहयोग गर्छ ?**

एनएचएसका अनुसार रुघाखोकी सामान्यतया भाइरसका कारण हुन्छ र आफैं निको हुन्छ। यसबाट छिटो निको हुन पर्याप्त आराम गर्ने, प्रशस्त पानी पिउने र पौष्टिक खाना खाने सल्लाह दिइन्छ।

प्याजको सुप पिउँदा शरीरमा पानी र पोषण पुग्न सक्छ। यसले घाँटी दुखाइमा केही राहत पनि दिन सक्छ।

तर रोग निको पार्नु र रोगका लक्षणमा केही राहत दिनु फरक कुरा हुन्।

डा. सुलेटाका अनुसार सामान्य रुघाखोकी प्रायः आफैं निको हुन्छ । उपचार नगरे पनि करिब एक सातामा निको हुने र प्याजको सुपले रुघाखोकी छिटो निको पार्ने प्रमाण नरहेको उनी बताउँछिन्। प्याज पकाउँदा त्यसमा रहेको केही भिटामिन सी नष्ट हुन सक्छ। तर केही मात्रा पानीमा मिसिन्छ। त्यसैले सुपका रूपमा खाँदा केही भिटामिन सी शरीरमा पुग्न सक्छ।

काँचो प्याजमा भने भिटामिन सी तुलनात्मक रूपमा बढी सुरक्षित रहन्छ। लामो समयसम्म उमाल्दा भिटामिन सीको मात्रा घट्न सक्छ।

रुघाखोकीसँगै उच्च ज्वरो वा अन्य लक्षण केही दिनभन्दा बढी समयसम्म रह्यो भने चिकित्सकसँग परामर्श गर्नुपर्छ। बालबालिकामा भने त्यसभन्दा अगावै चिकित्सकीय सल्लाह लिनुपर्ने हुन सक्छ।

सामाजिक सञ्जालको दाबीभन्दा उपचारमा ध्यान दिनुहोस्

शरीरमा देखिने हरेक सूजनलाई ‘हटाउनुपर्ने’ समस्या मान्नु पनि गलत हो।

संक्रमण वा चोट लाग्दा शरीरको प्रतिरक्षा प्रणाली सक्रिय हुन्छ। सूजन पनि यही प्रतिरक्षा प्रतिक्रियाको एउटा हिस्सा हो। यसले शरीरलाई संक्रमणसँग लड्न र क्षतिग्रस्त तन्तुको मर्मत सुरु गर्न सहयोग गर्छ।

सूजन शरीरको कुन भागमा छ र त्यसको कारण के हो भन्ने पहिचान गरेपछि मात्र उपचारको आवश्यकता र विधि तय गर्नुपर्छ।

सूजनसँगै दुखाइ र प्रभावित भाग तातो हुनु सामान्य संकेत हुन सक्छ । तर यस्ता लक्षण लामो समयसम्म रहिरहेमा वा कारण नखुलेका अन्य लक्षण देखिएमा प्याजजस्ता घरेलु उपायमा भर पर्नुको सट्टा चिकित्सकीय सहायता लिनुपर्छ।

डा. सुलेटा यस्ता अप्रमाणित दाबीका कारण मानिसले सही उपचार लिन ढिला गर्न सक्ने जोखिम रहेको बताउँछिन्।

सामाजिक सञ्जालमा स्वास्थ्यसम्बन्धी दाबीलाई विश्वसनीय देखाउन मेडिकल वा वैज्ञानिक शब्द प्रयोग गरिने भए पनि त्यसको पछाडि पर्याप्त वैज्ञानिक प्रमाण नहुन सक्छ।

त्यसैले कसैले प्याज, कुनै सप्लिमेन्ट वा अन्य उत्पादनले शरीरबाट विषाक्त पदार्थ निकाल्ने वा शरीरलाई ‘डिटक्स’ गर्ने दाबी गर्छ भने केही आधारभूत प्रश्न सोध्नुपर्ने विशेषज्ञको सुझाव छ।

**‘कुन विषाक्त पदार्थ ? यो विधिले कसरी काम गर्छ ?’**

यदि दाबी गर्ने व्यक्तिले आफ्नो भनाइ कसरी काम गर्छ भन्ने स्पष्ट रूपमा व्याख्या गर्न सक्दैन भने त्यसलाई खतरा संकेत (रेड फ्ल्याग) का रूपमा लिनुपर्छ।

बीबीसी हिन्दीबाट

# स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलका ऋणिहरुलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०६।२९

तपाई तपसिलका ऋणीहरुले यस वित्तीय संस्थाबाट चल/अचल सम्पत्ति सुरक्षण वापत धितो राखि वा नराखि (बिना धितो सामुहिक जमानी) लिनुभएको ऋण रकम यस वित्तीय संस्थासँग गर्नुभएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतनामा उल्लंघन गर्नु भएको र वित्तीय संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जा चुक्ता गर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गरेको पाइएकाले कर्जा चुक्ता गर्न यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पुर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता गर्नुहुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा वित्तीय संस्थालाई तिर्नु, बुझाउनु पर्ने कर्जा, व्याज नबुझाएमा प्रचलित ऐन, कानून तथा यस वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेका चल अचल सम्पत्ती लिलामविक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.स. | शाखा कार्यालय | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | व्यक्तिगत जमानिकर्ताको नाम, नाता, ठेगाना, ना.प्र.प.नं. | धितो जमानीको प्रकृती |
|---|---|---|---|---|
| १) | धकधई, रुपन्देही | ऋणीको नाम/थरः गौरी देवी यादव<br>ठेगानाः धकधई ४, रुपन्देही (हाल : रोहिणी ३, रुपन्देही )<br>नागरिकता नं.: ९/५४०<br>पति/पिताको नामः पुर्णवासी यादव / राम प्रसाद अहिर<br>बाजे/ससुरा : रामदुलारे अहिर | नाम/थरः पुर्णवासी यादव अहिर<br>ठेगानाः धकधई ७, रुपन्देही(हाल : रोहिणी ३, रुपन्देही )<br>नागरिकता नं.: ५१९४१<br>पति/पिताको नामः रामदुलारे अहिर<br>नाताः पति | सामूहिक जमानी |
| २) | धकधई, रुपन्देही | ऋणीको नाम/थरः लक्ष्मीना चमाइन<br>ठेगानाः वोदवार ८, रुपन्देही<br>नागरिकता नं.: ३७१०११/२९०३७<br>पति/पिताको नामः पिताम्वर हरिजन / रांजपति चमार<br>बाजे/ससुरा : श्रीराम हरिजन (चमार) | नाम/थरः श्रीराम चमार<br>ठेगानाः पर्सा ४, रुपन्देही (हाल : वोदवार ८, रुपन्देही)<br>नागरिकता नं.: ४५१४९<br>पति/पिताको नामः जगलु चमार<br>नाताः ससुरा | सामूहिक जमानी |
| ३) | धकधई, रुपन्देही | ऋणीको नाम/थरः रिता कुमारी यादव<br>ठेगानाः मर्चवारी ३, रुपन्देही (हाल : रोहिणी ३, रुपन्देही )<br>नागरिकता नं.: ३७-०३-७६-०२५७१<br>पति/पिताको नामः रिंकू यादव / पुर्णवासी यादव अहिर<br>बाजे/ससुरा : रामकेवल यादव | नाम/थरः पुर्णवासी यादव अहिर<br>ठेगानाः धकधई ७, रुपन्देही(हाल : रोहिणी ३, रुपन्देही )<br>नागरिकता नं.: ५१९४१<br>पति/पिताको नामः रामदुलारे अहिर<br>नाताः वुवा | सामूहिक जमानी |
| ४) | धकधई, रुपन्देही | ऋणीको नाम/थरः सरस्वती अहिर<br>ठेगानाः वन्जरिया ७, नवलपरासी<br>नागरिकता नं.: ३६३०७२/४६<br>पति/पिताको नामः ओम प्रकाश अहिर / मुखिया अहिर<br>बाजे/ससुरा : डोलई अहिर | नाम/थरः ओम प्रकाश अहिर<br>ठेगानाः वन्जरिया ७, नवलपरासी ( हाल : वन्जरिया १, नवलपरासी)<br>नागरिकता नं.: ६२०५५<br>पति/पिताको नामः डोलई अहिर<br>नाताः पति | सामूहिक जमानी |
| ५) | हरैया, रुपन्देही | ऋणीको नाम/थरः अमृता दमाई<br>ठेगानाः रुद्रपुर ६, रुपन्देही (हाल : कञ्चन ३, रुपन्देही )<br>नागरिकता नं.: ३७३०३७/११५०<br>पति/पिताको नामः वम वहादुर दमाई /धन वहादुर दमाई<br>बाजे/ससुरा : नन्द कुमार दमाई | नाम/थरः थम्मन परियार<br>ठेगानाः कञ्चन ४, रुपन्देही<br>नागरिकता नं.: ३७-०२-७७-०२००३<br>पति/पिताको नामः बम वहादुर दमाई<br>नाताः छोरा | सामूहिक जमानी |
| ६) | हरैया, रुपन्देही | ऋणीको नाम/थरः दुखनी रैदास ठेगानाः साडी ६, रुपन्देही (हाल : गैडहवा १, रुपन्देही )<br>नागरिकता नं.: ३७१०३९/३२०९२<br>पति/पिताको नामः राम सुरेश रैदास /पंचम रैदास<br>बाजे/ससुरा : राम आश्रे रैदास | नाम/थरः सुषमा हरिजन<br>ठेगानाः जोगडा १, रुपन्देही (हाल : गैडहवा १, रुपन्देही )<br>नागरिकता नं.: ३७१०४१/२८६४६<br>पति/पिताको नामः शिव कुमार रैदास/ जगदीश चमार<br>नाताः भाउजु | सामूहिक जमानी |
| ७) | हरैया, रुपन्देही | ऋणीको नाम/थरः शान्ती तेली<br>ठेगानाः विष्णुपुरा ४, रुपन्देही<br>नागरिकता नं.: १९४२०<br>पति/पिताको नामः रामसवरे तेली /चिन्तामणी तेली<br>बाजे/ससुरा : उदयराज तेली | नाम/थरः चिन्ता मणि तेली<br>ठेगानाः बरगदवा ८, रुपन्देही<br>नागरिकता नं.: १४२१३<br>पति/पिताको नामः उदय राज तेली<br>नाताः पति | सामूहिक जमानी |
| ८) | हरैया, रुपन्देही | ऋणीको नाम/थरः सुमित्रा घर्ती<br>ठेगानाः रुद्रपुर ३, रुपन्देही (हाल : कञ्चन ५, रुपन्देही )<br>नागरिकता नं.: ३७३०३७/३५२<br>पति/पिताको नामः ओक वहादुर घर्ती /मान वहादुर थापा<br>बाजे/ससुरा : भक्त वहादुर घर्ती | नाम/थरः दिपेन्द्र घर्ति<br>ठेगानाः रुद्रपुर ३, रुपन्देही (हाल : कञ्चन ५, रुपन्देही )<br>नागरिकता नं.: ३७२०३७/६१२५२<br>पति/पिताको नामः ओक वहादुर घर्ति<br>नाताः छोरा | सामूहिक जमानी |
| ९) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः विसना गुरुङ<br>ठेगानाः मोतीपुर ३, कपिलवस्तु ( हाल : वाणगंगा ७, कपिलवस्तु)<br>नागरिकता नं.:२१२<br>पति/पिताको नामः पुरन वहादुर गुरुङ / दुर्गा बहादुर गुरुङ<br>बाजे/ससुरा : वीर वहादुर गुरुङ | नाम/थरः पुरन वहादुर गुरुङ<br>ठेगानाः कृष्णानगर २, कपिलवस्तु ( हाल : वाणगंगा ७, कपिलवस्तु)<br>नागरिकता नं.: ५/२८४<br>पति/पिताको नामः वीर वहादुर गुरुङ<br>नाताः पति | सामूहिक जमानी |
| १०) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः वुद्धी मिया<br>ठेगानाः पाली ३, अर्घाखाची ( हाल : वाणगंगा ७, कपिलवस्तु)<br>नागरिकता नं.: ४०-०१-७३-०२१६६<br>पति/पिताको नामः शम्सुदिन अली / नुर महमद मिया<br>बाजे/ससुरा : तिखे मियां | नाम/थरः शम्सुदिन अली<br>ठेगानाः पाली ३, अर्घाखाची ( हाल : वाणगंगा ७, कपिलवस्तु)<br>नागरिकता नं.: ४१०६<br>पति/पिताको नामः तिखे मियां<br>नाताः पति | सामूहिक जमानी |
| ११) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः साबित्रा बुढाथोकी गिरी<br>ठेगानाः वाणगंगा १४, कपिलवस्तु ( हाल : वाणगंगा ८, कपिलवस्तु)<br>नागरिकता नं.: ३८-०६-७३-०००४२<br>पति/पिताको नामः बिष्णु प्रसाद गिरी / जेत बहादुर बुढाथोकी<br>बाजे/ससुरा : चेतमान गिरी | नाम/थरः विष्णु प्रसाद गिरी<br>ठेगानाः मोतिपुर ४, कपिलवस्तु ( हाल : वाणगंगा ८, कपिलवस्तु)<br>नागरिकता नं.: ३८.०१.०६७.०५१०१<br>पति/पिताको नामः चेतमान गिरी<br>नाताः पति | सामूहिक जमानी |
| १२) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः मन्नी केवट<br>ठेगानाः फूलिका २, कपिलवस्तु ( हाल : मायादेवी ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८.०१.०६७.०३५०५<br>पति/पिताको नामः छब्बु केवट / मनेश्वर केवट<br>बाजे/ससुरा : नंदा केवट | नाम/थरः छब्बु केवट<br>ठेगानाः फूलिका २, कपिलवस्तु<br>नागरिकता नं.: ३८३००६/४०९<br>पति/पिताको नामः नंदा केवट<br>नाताः पति | सामूहिक जमानी |
| १३) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थरः विन्द्रावती केवट<br>ठेगानाः कपिलवस्तु १०, कपिलवस्तु ( हाल : कपिलवस्तु ११, कपिलवस्तु)<br>नागरिकता नं.: ३८-०१-०६८-१८२२६<br>पति/पिताको नामः रवि प्रताप केवट / शंकर केवट<br>बाजे/ससुरा : बेचन केवट | नाम/थरः रवि प्रताप केवट<br>ठेगानाः निग्लिहवा ७, कपिलवस्तु ( हाल : कपिलवस्तु ११, कपिलवस्तु)<br>नागरिकता नं.: २/११/५८४८८<br>पति/पिताको नामः बेचन केवट<br>नाताः पति | सामूहिक जमानी |
| १४) | ठुटिपिपल, रुपन्देही | ऋणीको नाम/थरः लोकमान श्रेष्ठ<br>ठेगानाः सि.न. १२, रुपन्देही (हाल : सिद्धार्थनगर ८, रुपन्देही )<br>नागरिकता नं.: ३७१७<br>पत्नि/पिताको नामः शर्मिला क्षेत्री / हिरामान श्रेष्ठ<br>बाजे/ससुरा : नर वहादुर क्षेत्री ( ससुरा ) | नाम/थरः शर्मिला क्षेत्री<br>ठेगानाः सि.न. ८, रुपन्देही (हाल : सिद्धार्थनगर ८, रुपन्देही )<br>नागरिकता नं.: ४४९०<br>पति/पिताको नामः लोकमान श्रेष्ठ / नर वहादुर क्षेत्री<br>नाताः पत्नि | सामूहिक जमानी |
| १५) | ठुटिपिपल, रुपन्देही | ऋणीको नाम/थरः श्रीमती पार्वती थापा<br>ठेगानाः सि.न.पा. १३, रुपन्देही (हाल : सिद्धार्थनगर १३, रुपन्देही )<br>नागरिकता नं.: १९६७१<br>पति/पिताको नामः टिकाजित थापा / तेज वहादुर गुरुङ्ग<br>बाजे/ससुरा : कुल वहादुर थापा | नाम/थरः निशा थापा<br>ठेगानाः सिद्धार्थनगर १३, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७०-०६४४२<br>पति/पिताको नामः टिका जित थापा (पिता)<br>नाताः छोरी | सामूहिक जमानी |
| १६) | ठुटिपिपल, रुपन्देही | ऋणीको नाम/थरः शान्ती गोर्खाली<br>ठेगानाः सिद्धार्थनगर ३, रुपन्देही<br>नागरिकता नं.: ३७१०२३/४७७९५<br>पति/पिताको नामः रनिदास गोर्खाली / चन्द्र कुमार श्रेष्ठ<br>बाजे/ससुरा : अशोकनन्द गोर्खाली | नाम/थरः सन्त बहादुर थापा<br>ठेगानाः सिद्धार्थनगर ७, रुपन्देही<br>नागरिकता नं.: ६६९१<br>पति/पिताको नामः मान बहादुर थापा (पिता)<br>नाताः दाई | सामूहिक जमानी |
| १७) | बेथरी, रुपन्देही | ऋणीको नाम/थरः गीता भर<br>ठेगानाः कम्हरिया ६, रुपन्देही (हाल : मायादेवी ३, रुपन्देही )<br>नागरिकता नं.: ३७-०१-६९-०२२५०<br>पति/पिताको नामः पंचराम भर / धर्मराज भर<br>बाजे/ससुरा : अवधराज भर | नाम/थरः पंचराम भर<br>ठेगानाः कम्हरिया ६, रुपन्देही (हाल : मायादेवी ३, रुपन्देही )<br>नागरिकता नं.: ३३२२<br>पति/पिताको नामः अवधराज भर<br>नाताः पति | सामूहिक जमानी |
| १८) | बेथरी, रुपन्देही | ऋणीको नाम/थरः कमलेश कुर्मी<br>ठेगानाः कम्हरिया ५, रुपन्देही (हाल : मायादेवी ३, रुपन्देही )<br>नागरिकता नं.: ४३६८<br>पत्नि/पिताको नामः केशी कुर्मी / खदेउ प्रसाद कुर्मी<br>बाजे/ससुरा : गनेश कुर्मी ( ससुरा ) | नाम/थरः केशी कुर्मी<br>ठेगानाः कम्हरिया ५, रुपन्देही (हाल : मायादेवी ३, रुपन्देही )<br>नागरिकता नं.: ३७१०७०/११४९०<br>पति/पिताको नामः कमलेश कुर्मी / गनेश कुर्मी<br>नाताः पत्नि | सामूहिक जमानी |
| १९) | बहादुरगंज, कपिलवस्तु | ऋणीको नाम/थरः राजमती कहांर<br>ठेगानाः बहादुरगंज ८, कपिलवस्तु (हाल : कृष्णनगर ८, कपिलवस्तु )<br>नागरिकता नं.: ४/०२/६०८३<br>पति/पिताको नामः मुन्नु कहांर / रामनाथ कहांर<br>बाजे/ससुरा : श्रीराम कहार | नाम/थरः मुन्नु कहार<br>ठेगानाः बहादुरगंज ८, कपिलवस्तु<br>नागरिकता नं.: १००२/२९१०<br>पति/पिताको नामः श्रीराम कहार<br>नाताः पति | सामूहिक जमानी |
| २०) | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः अनिता थापा<br>ठेगानाः सुनवल ३, नवलपरासी (ब.सु.प.)<br>नागरिकता नं.: ३६-०१-७७-०२४४६<br>पति/पिताको नामः देव बहादुर थापा / राज कुमार थापा<br>बाजे/ससुरा : कर्ण वहादुर थापा | नाम/थरः देव वहादुर थापा<br>ठेगानाः सुनवल ४, नवलपरासी<br>नागरिकता नं.: ३६१०३८/१९०५<br>पति/पिताको नामः कर्ण वहादुर थापा<br>नाताः पति | सामूहिक जमानी |
| २१) | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः सुमित्रा सामै मगर<br>ठेगानाः शंकरनगर ५, रुपन्देही (हाल : सुनवल १, नवलपरासी )<br>नागरिकता नं.: ३/२१४९<br>पति/पिताको नामः प्रेम वहादुर सोमै / जंग वीर बराल<br>बाजे/ससुरा : धन बहादुर सोमै मगर | नाम/थरः सागर सोमै मगर<br>ठेगानाः सुनवल १, नवलपरासी<br>नागरिकता नं.: ३६१०३८/१७५८<br>पति/पिताको नामः प्रेम वहादुर सोमै मगर<br>नाताः छोरा | सामूहिक जमानी |
| २२) | खजुरा, बाँके | ऋणीको नाम/थरः मतिसरा कमेनी<br>ठेगानाः सोरहवा ९, बर्दिया(हाल : बढैयाताल ३, बर्दिया )<br>नागरिकता नं.: २/७५५<br>पति/पिताको नामः सिताराम कामी / कुल वहादुर कामी<br>बाजे/ससुरा : काले कामी | नाम/थरः विमला वि.क.<br>ठेगानाः सोरहवा ९, वर्दिया (हाल : बढैयाताल ३, बर्दिया )<br>नागरिकता नं.: ६५-०१-७०-०६०७७<br>पति/पिताको नामः दिल वहादुर वि.क. / नरदेव वि.क.<br>नाताः बुहारी | सामूहिक जमानी |
| २३) | खजुरा, बाँके | ऋणीको नाम/थरः सावित्रा पोख्रेल<br>ठेगानाः बागेश्वरी ३, बाँके (हाल : खजुरा ३, बाँके )<br>नागरिकता नं.: ६६३०४०/१९५३<br>पति/पिताको नामः पदम बहादुर पोखरेल / फौद बहादुर खत्री<br>बाजे/ससुरा : दिल्ली जोशी पोखरेल | नाम/थरः अनिता सुनार<br>ठेगानाः खजुरा ३, बाँके<br>नागरिकता नं.: ६६-०१-७४-०४७३१<br>पति/पिताको नामःरुप वहादुर सुनार (पिता)<br>नाताः बहिनी | सामूहिक जमानी |
| २४) | खाताबजार, बर्दिया | ऋणीको नाम/थरः अनिषा नेपाली सिंह ठकुरी<br>ठेगानाः नेपालगञ्ज १, बर्दिया<br>नागरिकता नं.: ६६-०१-७४-०७९९५<br>पति/पिताको नामः विकास कुमार सिंह ठकुरी / रमेश वादी<br>बाजे/ससुरा : राजेन्द्र कुमार सिंह ठकुरी | नाम/थरः रेनु वि.क.<br>ठेगानाः ढोढरी ९, बर्दिया (हाल : मधुवन ३, बर्दिया)<br>नागरिकता नं.: ६५-०१-६९-०३९९५<br>पति/पिताको नामः दिनेश वि.क. / रमेश वादी<br>नाताः दिदि | सामूहिक जमानी |
| २५) | खाताबजार, बर्दिया | ऋणीको नाम/थरः सोम राज चौधरी<br>ठेगानाः वगनाहा ७, बर्दिया (हाल : मधुवन २, बर्दिया )<br>नागरिकता नं.: १६१२१<br>पत्नि/पिताको नामः मिना कुमारी चौधरी / प्रदेशी थारु<br>बाजे/ससुरा : कलाशु थारु | नाम/थरः मिना कुमारी चौधरी<br>ठेगानाः वगनाहा ७, बर्दिया (हाल : मधुवन २, बर्दिया )<br>नागरिकता नं.: ६६१००५/७८४<br>पति/पिताको नामः सोम राज चौधरी / अगलु थारु<br>नाताः पत्नि | सामूहिक जमानी |
| २६) | बेला, दाङ | ऋणीको नाम/थरः भुरा कुमारी वनिया<br>ठेगानाः राजपुर १, दाङ (हाल : राजपुर ४, दाङ )<br>नागरिकता नं.: ५२३००६/ ६२३<br>पति/पिताको नामः विनोद कुमार गुप्ता / अयोध्या प्रसाद बनिया<br>बाजे/ससुरा : राम खेलावन गुप्ता | नाम/थरः विनोद कुमार गुप्ता<br>ठेगानाः राजपुर १, दाङ (हाल : राजपुर ४, दाङ )<br>नागरिकता नं.: ५२२००६/१४९९<br>पति/पिताको नामः राम खेलावन गुप्ता<br>नाताः पति | सामूहिक जमानी |
| २७) | बेला, दाङ | ऋणीको नाम/थरः गिरा के.सी<br>ठेगानाः ढिकपुर ६, दाङ (हाल : राजपुर ४, दाङ )<br>नागरिकता नं.: १९६३/ ६११<br>पति/पिताको नामः दिनेश कुमार गुप्ता / कविराम खत्री<br>बाजे/ससुरा : राम खेलावन गुप्ता | नाम/थरः दिनेश कुमार गुप्ता<br>ठेगानाः राजपुर १, दाङ (हाल : राजपुर ४, दाङ )<br>नागरिकता नं.: ५२२००६/१४९१<br>पति/पिताको नामः राम खेलावन गुप्ता<br>नाताः पति | सामूहिक जमानी |
| २८) | बेला, दाङ | ऋणीको नाम/थरः कमला यादव<br>ठेगानाः राजपुर ३, दाङ<br>नागरिकता नं.: ५२-०६-७४-००२६७<br>पति/पिताको नामः देव नारायण यादव / लुप्त वहादुर गुरुङ<br>बाजे/ससुरा : पियारे अहिर | नाम/थरः देव नारायण यादव<br>ठेगानाः बेला ८, दाङ (हाल : राजपुर ३, दाङ )<br>नागरिकता नं.: ५२२००५/५७९<br>पति/पिताको नामः पियारे अहिर<br>नाताः पति | सामूहिक जमानी |
| २९) | बेला, दाङ | ऋणीको नाम/थरः पुष्पा थापा<br>ठेगानाः शिवगंगगा ७, अर्घाखाची (हाल : गढवा ७, दाङ )<br>नागरिकता नं.: ४०-३०-७६-००१५६<br>पति/पिताको नामः अनिल कुमार बस्नेत / पिताम्बर थापा<br>बाजे/ससुरा : विनोद कुमार वस्नेत | नाम/थरः विनोद कुमार वस्नेत<br>ठेगानाः गढवा ७, दाङ<br>नागरिकता नं.: १७१२/६७५<br>पति/पिताको नामः चिन्ता बहादुर बस्नेत<br>नाताः ससुरा | सामूहिक जमानी |
| ३०) | बेला, दाङ | ऋणीको नाम/थरः सिता देबि वि.क.<br>ठेगानाः बेला ८, दाङ (हाल : राजपुर ३, दाङ )<br>नागरिकता नं.: ५२३००५-९२६<br>पति/पिताको नामः कर्ण बहादुर वि.क. / रुपलाल कामी<br>बाजे/ससुरा : पंचे कामी | नाम/थरः कर्ण वहादुर वि.क.<br>ठेगानाः वेला ८, दाङ (हाल : राजपुर ३, दाङ )<br>नागरिकता नं.: १२४/१५१२<br>पति/पिताको नामः पंचे कामी<br>नाताः पति | सामूहिक जमानी |
| ३१) | बेला, दाङ | ऋणीको नाम/थरः तुल वहादुर के.सी.<br>ठेगानाः राप्ती ५, दाङ (हाल : गढवा ६, दाङ )<br>नागरिकता नं.: २१६/१५२३<br>पत्नि/पिताको नामः पुष्पा कुमारी के.सी. / खम्मन सिंह खत्री क्षेत्री<br>बाजे/ससुरा : पंचे कामी | नाम/थरः पुष्पा कुमारी के.सी.<br>ठेगानाः गढवा ६, दाङ<br>नागरिकता नं.: ५२-०६-७३-००८८०<br>पति/पिताको नामः तुल बहादुर के.सी. / किसोर कुमार गिरी<br>नाताः पत्नि | सामूहिक जमानी |
| ३२) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः अस्मिता थापा<br>ठेगानाः बाँसगढी ४, बर्दिया<br>नागरिकता नं.:६५३०१३/७५९<br>पति/पिताको नामः इन्द्र वहादुर थापा गेलाङ्ग / तेज बहादुर बुढामगर<br>बाजे/ससुरा : पदम वहादुर गेलाङ | नाम/थरः मनिसरा कुमारी थापा मगर्नी<br>ठेगानाः बाँसगढी ४, बर्दिया<br>नागरिकता नं.: ६८३<br>पति/पिताको नामः गंगा विर तारुङ मगर / वीर बहादुर थापा<br>नाताः हजुर आमा | सामूहिक जमानी |
| ३३) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः विमला सुनार<br>ठेगानाः मोतीपुर ६, बर्दिया (हाल : बाँसगढी ५, बर्दिया )<br>नागरिकता नं.:६५१०१३/१४८९<br>पति/पिताको नामः दिपेन्द्र सुनार/ श्रीराम प्रधान<br>बाजे/ससुरा : शालिक बहादुर कामी | नाम/थरः श्रीराम प्रधान<br>ठेगानाः मोतीपुर ५, बर्दिया (हाल : बाँसगढी ५, बर्दिया )<br>नागरिकता नं.: ९०४<br>पति/पिताको नामः पुस्मान प्रधान<br>नाताः बुवा | सामूहिक जमानी |
| ३४ | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः चित्र कुमारी सुनार<br>ठेगानाः बाँसगढी ४, बर्दिया<br>नागरिकता नं.:६५-०२-७४-१११७१<br>पति/पिताको नामः विनोद सुनार / लाल बहादुर कामी<br>बाजे/ससुरा : जंग बहादुर सुनार | नाम/थरः बिनोद सुनार<br>ठेगानाः बाँसगढी ५, बर्दिया(हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.: ६५-०१-७३-०१००७<br>पति/पिताको नामः जंग बहादुर सुनार<br>नाताः पति | सामूहिक जमानी |
| ३५) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः कविता ओली<br>ठेगानाः बानियाभार २, बर्दिया (हाल : बाँसगढी ५, बर्दिया )<br>नागरिकता नं.:६५१००६-५९६<br>पति/पिताको नामः तिलक बहादुर ओली / खडक सिंह ऐर<br>बाजे/ससुरा : मानविर ओली | नाम/थरः दुर्गा कुवर<br>ठेगानाः मोतीपुर ८, बर्दिया (हाल : डेउढाकला ५, बर्दिया )<br>नागरिकता नं.: ६५१०१३/५२९<br>पति/पिताको नामः तिल वहादुर कुवर (पिता)<br>नाताः भान्जी | सामूहिक जमानी |
| ३६) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः कल्पना नेपाली<br>ठेगानाः बेलवा ६, बर्दिया (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६५-०१-६९-००१९४<br>पति/पिताको नामः गणेश नेपाली / पदम दमाई<br>बाजे/ससुरा : सह वहादुर दमाई | नाम/थरः सह बहादुर दमाई<br>ठेगानाः लाँकुरी १, दैलेख (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.: ११२४५६/१४०<br>पति/पिताको नामः डील वहादुर दमाई<br>नाताः ससुरा | सामूहिक जमानी |
| ३७) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः खासरुन साँई<br>ठेगानाः सोनपुर ८, बाँके (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६६३०४२/६०२<br>पति/पिताको नामः मोविन साँई / गुलाम रसुल साँई<br>बाजे/ससुरा : लतिफ साई | नाम/थरः अब्दुल गनी साई<br>ठेगानाः बेलवा ८, बर्दिया (हाल : बांसगढी ४, बर्दिया )<br>नागरिकता नं.: ६५१०१४/३३३<br>पति/पिताको नामः गुलाम रसुल साई<br>नाताः भाई | सामूहिक जमानी |
| ३८) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः लाल कुमारी गुर्ताल<br>ठेगानाः बाँसगढी २, बर्दिया<br>नागरिकता नं.:६५३०१४/१७४०<br>पति/पिताको नामः चन्द्र बहादुर गुर्ताल / गोर्खे वि क<br>बाजे/ससुरा : रातो कामी | नाम/थरः दुर्गा वि.क.<br>ठेगानाः बाँसगढी १, बर्दिया (हाल : बाँसगढी २, बर्दिया)<br>नागरिकता नं.: ६५-०२-७३-११०६२<br>पति/पिताको नामः प्रकाश वि क / मोतीलाल कामी<br>नाताः बुहारी | सामूहिक जमानी |
| ३९) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः मंगला देवी रानामगर<br>ठेगानाः सोरहवा ५, बर्दिया (हाल : बढैयाताल ४, बर्दिया )<br>नागरिकता नं.:८३६९<br>पति/पिताको नामः नर वहादुर राना मगर / शेर वहादुर मगर<br>बाजे/ससुरा : डन्डे राना मगर | नाम/थरः रुपा राना<br>ठेगानाः बढैयाताल ५, बर्दिया(हाल : बढैयाताल ४, बर्दिया )<br>नागरिकता नं.: ६५-०१-७९-०३७४९<br>पति/पिताको नामः नर बहादुर राना मगर<br>नाताः छोरी | सामूहिक जमानी |
| ४०) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः मीना कुमारी थारु<br>ठेगानाः बेलवा ६, बर्दिया (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६५३०१४/९४५<br>पति/पिताको नामः रमेश थारु / जुगराम थारु<br>बाजे/ससुरा : चुन्नीलाल थारु | नाम/थरः सुवास थारु<br>ठेगानाः बाँसगढी ३, बर्दिया<br>नागरिकता नं.: ६५-०२-७५-०१५६९<br>पति/पिताको नामः रमेश थारु<br>नाताः छोरा | सामूहिक जमानी |
| ४१) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः मोमिना साई<br>ठेगानाः बेलवा ८, बर्दिया (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६५३०१४/६९५<br>पति/पिताको नामः कमाल अहमद साई / गुलाम रसुल साइ<br>बाजे/ससुरा : अब्दुल रहिस साई | नाम/थरः कमाल अहमद साई<br>ठेगानाः बेलवा ८, बर्दिया (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.: ६५३०१४/५००<br>पति/पिताको नामः अब्दुल रहिस साई<br>नाताः पति | सामूहिक जमानी |
| ४२) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः मुन्नी साई<br>ठेगानाः बेलवा ८, बर्दिया (हाल : बांसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६५३०१४/१०१३<br>पति/पिताको नामः मुटुर साई / राजअलि साई<br>बाजे/ससुरा : शब्दर साई | नाम/थरः मुटुर साई<br>ठेगानाः बाँसगढी ३, बर्दिया<br>नागरिकता नं.: ६५३०१४-१७<br>पति/पिताको नामः शब्दर साई<br>नाताः पति | सामूहिक जमानी |
| ४३) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः निर्मला रावत<br>ठेगानाः बाँसगढी ३, बर्दिया<br>नागरिकता नं.:६५-०६-७९-०१५३५<br>पति/पिताको नामः सुरज चन्द / विष्णु बहादुर रावत<br>बाजे/ससुरा : लोक बहादुर चन्द | नाम/थरः कमला शर्मा<br>ठेगानाः चौरजहारी ११, रुकुम (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.: ५६-०१-७५-००९९९<br>पति/पिताको नामः पवन बहादुर रावल / पुस्कर जैसी<br>नाताः भाउजु | सामूहिक जमानी |
| ४४) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः पवित्रा वि.क.<br>ठेगानाः मोतीपुर ५, बर्दिया (हाल : बांसगढी ४, बर्दिया )<br>नागरिकता नं.:६५१०१३/९६३<br>पति/पिताको नामः राम वहादुर वि.क. / शशिराम कामी<br>बाजे/ससुरा : माने कामी | नाम/थरः राम वहादुर वि.क.<br>ठेगानाः बाँसगढी ५, बर्दिया (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.: ६५१०१३-४९५<br>पति/पिताको नामः माने कामी<br>नाताः पति | सामूहिक जमानी |
| ४५) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः पार्वती सिंह टमटा<br>ठेगानाः बाँसगढी ३, बर्दिया<br>नागरिकता नं.:६५-०१-७०-०४७५८<br>पति/पिताको नामः राजु सिंह टमटा / केशर वहादुर सुनार<br>बाजे/ससुरा : दुर्गा राज सिंह टमटा | नाम/थरः राजु सिंह टमटा<br>ठेगानाः वेलवा ६, बर्दिया (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.: ६५१०१४/९९०<br>पति/पिताको नामः दुर्गा राज सिंह टमटा<br>नाताः पति | सामूहिक जमानी |
| ४६) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः प्राप्ती वि.क.<br>ठेगानाः मोतीपुर ५, बर्दिया (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.:६५१०१३/१४०७<br>पति/पिताको नामः विरेन्द्र सुनार / रत्न वहादुर सुनार<br>बाजे/ससुरा : दल वहादुर कामी | नाम/थरः निर्मला वि क<br>ठेगानाः बाँसगढी ४, बर्दिया<br>नागरिकता नं.: ६५-०६-७६-०००२८<br>पति/पिताको नामः दल बहादुर कामी (पिता)<br>नाताः नन्द | सामूहिक जमानी |
| ४७) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः प्रिङ्का वादी नेपाली<br>ठेगानाः बाँसगढी २, बर्दिया<br>नागरिकता नं.:६५-०६-७७-०१५२६<br>पति/पिताको नामः राजेश नेपाली / भिम बहादुर नेपाली<br>बाजे/ससुरा : सर्वे वादी | नाम/थरः गिता नेपाली<br>ठेगानाः बाँसगढी १, बर्दिया (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.: ६५३०१४-१७१६<br>पति/पिताको नामः डम्बर नेपाली / करत्तुरे नेपाली<br>नाताः अन्टी | सामूहिक जमानी |
| ४८) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः रविना थारु<br>ठेगानाः बैजनाथ ७, बाँके (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६५-०६-७४-०२१९५<br>पति/पिताको नामः सुरेश थारु / कृष्ण कुमार थारु<br>बाजे/ससुरा : हिगानु थारु | नाम/थरः हिगानु थारु<br>ठेगानाः वेलवा ६, बर्दिया (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.: १८८७<br>पति/पिताको नामः बैजनाथ थारु<br>नाताः ससुरा | सामूहिक जमानी |
| ४९) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः राधा सुनार<br>ठेगानाः मोतिपुर ५, बर्दिया (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.:६५-०१-६९-०१४६१<br>पति/पिताको नामः खगेन्द्र सुनार / धनसिङ कामी<br>बाजे/ससुरा : नर वहादुर सुनार | नाम/थरः खगेन्द्र सुनार<br>ठेगानाः मोतिपुर ५, बर्दिया (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.: ६५१०१३/६<br>पति/पिताको नामः नर वहादुर सुनार<br>नाताः पति | सामूहिक जमानी |
| ५०) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः रितु सुनार<br>ठेगानाः बाँसगढी ९, बर्दिया (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.:६५-०६-७७-००८६९<br>पति/पिताको नामः भुपेन्द्र सुनार / कर्ण बहादुर सुनार<br>बाजे/ससुरा : जेसिङे सुनार | नाम/थरः गिता सुनार<br>ठेगानाः डेउढाकाला ३, बर्दिया (हाल : बाँसगढी ८, बर्दिया )<br>नागरिकता नं.: १८४५५<br>पति/पिताको नामः कर्ण बहादुर सुनार / भिउ बहादुर सुनार<br>नाताः आमा | सामूहिक जमानी |
| ५१) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः सिता वि.क.<br>ठेगानाः डेउढाकला ९, बर्दिया (हाल : बाँसगढी ५, बर्दिया )<br>नागरिकता नं.:६५३०१५/११४४<br>पति/पिताको नामः मान बहादुर बि.क. / मन बहादुर सुनार<br>बाजे/ससुरा : तुल वहादुर सुनार | नाम/थरः जुना कुमारी सुनार<br>ठेगानाः महम्मदपुर ८, बर्दिया (हाल : बाँसगढी ५, बर्दिया )<br>नागरिकता नं.: ६५१००८/५०३<br>पति/पिताको नामः मन वहादुर सुनार<br>नाताः वहिनी | सामूहिक जमानी |
| ५२) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः सिता वि.क.<br>ठेगानाः बाँसगढी २, बर्दिया<br>नागरिकता नं.:६५-०६-७७-०१५७८<br>पति/पिताको नामः धर्म वि.क. / बिर्ख वहादुर विटालु<br>बाजे/ससुरा : मंगले कामी | नाम/थरः धर्म वि.क.<br>ठेगानाः वेलवा ७, बर्दिया (हाल : बाँसगढी २, बर्दिया )<br>नागरिकता नं.: ६५३०१४/ १६३७<br>पति/पिताको नामः मंगले कामी<br>नाताः पति | सामूहिक जमानी |
| ५३) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः सितला कामी<br>ठेगानाः बामे ५, सल्यान (हाल : बाँसगढी २, बर्दिया )<br>नागरिकता नं.:५५-०१-७१-००६२०<br>पति/पिताको नामः मंगले कामी / झक्कु कामी<br>बाजे/ससुरा : गोरे कामी | नाम/थरः चन्द्र बहादुर गुर्ताल<br>ठेगानाः बाँसगढी २, बर्दिया<br>नागरिकता नं.: ६५३०१४-१६६२<br>पति/पिताको नामः रातो कामी<br>नाताः भाई | सामूहिक जमानी |
| ५४) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः श्रीजना सुनार<br>ठेगानाः बाँसगढी ४, बर्दिया<br>नागरिकता नं.:६५-०२-७४-१००२०<br>पति/पिताको नामः अक्ष कुमार सुनार / मान वहादुर सुनार<br>बाजे/ससुरा : चन्द्र बहादुर सुनार | नाम/थरः चन्द्र बहादुर सुनार<br>ठेगानाः राकुम २, सुर्खेत (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.: ७/१७५०<br>पति/पिताको नामः कर्ने सुनार<br>नाताः ससुरा | सामूहिक जमानी |
| ५५) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः सुर्ज कुमारी थारु<br>ठेगानाः बाँसगढी ४, बर्दिया<br>नागरिकता नं.:६५-०६-७७-००१०६<br>पति/पिताको नामः बिमल चौधरी / बिपत थारु<br>बाजे/ससुरा : कमल थारु | नाम/थरः कमल थारु<br>ठेगानाः मोतीपुर २, बर्दिया (हाल : बाँसगढी ४, बर्दिया )<br>नागरिकता नं.: ४८३९<br>पति/पिताको नामः मैते थारु<br>नाताः ससुरा | सामूहिक जमानी |
| ५६) | बांसगढी, बर्दिया | ऋणीको नाम/थरः तिलसरा खड्का<br>ठेगानाः महादेवपुरा ३, बाँके (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.:६६३०१०/१६<br>पति/पिताको नामः नर वहादुर खड्का / लिलाधर खत्री<br>बाजे/ससुरा : कृष्ण बहादुर खड्का | नाम/थरः चित्रकला खड्का<br>ठेगानाः वाइसी विचवा ८, कन्चनपुर (हाल : बाँसगढी ३, बर्दिया )<br>नागरिकता नं.: ७५२०११/७८५<br>पति/पिताको नामः कर्ण ब. खड्का<br>नाताः वहिनी | सामूहिक जमानी |

**स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही**
फोन नं.:०७१-५६१२५८,५६१२६७
Email:- info@swabhimaanlaghubitta.com.np

